राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक ३४५ २०८३ असार ३१ गते बुधवार (15 July 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## सरकारी विज्ञापनको एकद्वार प्रणाली खारेज




दैनिक समाचारदाता
काठमाडौं, ३० असार । सरकारी विज्ञापन प्रकाशन तथा प्रसारणका लागि सरकारले लागू गरेको एकद्वार प्रणालीको निर्णय सर्वोच्च अदालतले खारेज गरेको छ । मंगलबार सर्वोच्च अदालतका न्यायाधीशद्वय शारङ्गा सुवेदी र नृपध्वज निरौलाको इजलासले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट जारी गरिएको सम्बन्धित परिपत्र बदर गर्ने आदेश दिएको हो ।

वर्तमान सरकारले सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममार्फत मात्रै प्रकाशन तथा प्रसारण गर्ने निर्णय गरेको थियो। उक्त निर्णय सार्वजनिक तथा निजी सञ्चारमाध्यमको हितविपरीत भएको भन्दै नेपाल मिडिया सोसाइटीले सर्वोच्च अदालतमा रिट दायर गरेको थियो ।

सर्वोच्च अदालतले प्रधानमन्त्री कार्यालयको परिपत्र बदर गर्ने आदेश दिए पनि फैसलाको पूर्ण पाठ भने सार्वजनिक भइसकेको छैन ।

## सबै दल एकजुट हुन अमरेश सिंहको आग्रह




दैनिक समाचारदाता
जनकपुरधाम, ३० असार । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद अमरेशकुमार सिंहले देश संकटमा रहेको र नागरिकमा निराशा बढ्दै गएको भन्दै संसद्मा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दललाई राष्ट्रिय मुद्दामा एकजुट हुन आग्रह गरेका छन् । मंगलबार प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसद सिंहले सभामुखमार्फत सरकारलाई सबै दलबीच सहकार्यको वातावरण बनाउन आग्रह गरे । उनले राष्ट्रिय मुद्दालाई साझा एजेन्डा बनाएर अघि बढ्नुपर्नेमा जोड दिए । उनले भने, "संसद्मा उपस्थित सबै दललाई एकजुट पारौं, राष्ट्रिय मुद्दा तय गरौं। हामी सबै मिल्यौं भने मात्रै यो राज्य बाँच्न सक्छ, लोकतन्त्र बाँच्न सक्छ ।"

सांसद सिंहले राज्य र जनता सुरक्षित रहेमात्र राजनीति सम्भव हुने उल्लेख गर्दै संसद्बाट निराशा फैलाउने भाष्य निर्माण नगर्न आग्रह गरे ।

उनले भने, "आज हाम्रो राज्य संकटमा छ । जनतामा नैराश्यता छ । 'यो देशमा बाँच्न सकिँदैन, केही गर्न सकिँदैन' भन्ने भाष्य संसद्बाट निर्माण नगरौं। राज्य र जनता रह्यो भने फेरि राजनीति गरौंला । जनता र लोकतन्त्र नै समाप्त भयो भने हामी कोही पनि रहने छैनौं ।"

सांसद सिंहले यसै साता आत्मदाह प्रयासपछि ज्यान गुमाएका व्यक्तिप्रति श्रद्धाञ्जली व्यक्त गर्दै यस्ता दुःखद घटनाले मुलुकको अवस्था गम्भीर बनेको संकेत गरेको बताए ।

# अब १४.२ केजी ग्यास सिलिन्डर पाइने

दैनिक समाचारदाता
जनकपुरधाम,३० असार । नेपाल आयल निगम लिमिटेडले बुधबारदेखि पुनः १४.२ केजी क्षमताको एलपी ग्यास सिलिन्डर बिक्री(वितरण गर्ने निर्णय गरेको छ । निगमले मंगलबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार हालको आपूर्ति अवस्था सहज बन्दै गएपछि साविककै क्षमताको ग्यास सिलिन्डर बिक्री गर्ने व्यवस्था मिलाइएको हो ।

यसअघि निगमले आपूर्ति व्यवस्थापनलाई सहज बनाउन २९ जेठदेखि ७.१ केजी (आधा) क्षमताको एलपी ग्यास सिलिन्डर मात्र बिक्री(वितरण गर्दै आएको थियो । अब भने बुधबारदेखि देशभर १४.२ केजी क्षमताको सिलिन्डरमा ग्यास भरी रु. २ हजार ६० मा बिक्री(वितरण गरिने निगमले जनाएको छ ।



निगमका अनुसार ७.१ केजी क्षमताका सिलिन्डर पूर्ण रूपमा प्रतिस्थापन नभएसम्म ७.१ र १४.२ केजी दुवै क्षमताका सिलिन्डर बजारमा उपलब्ध हुनेछन्। उपभोक्ताले आफ्नो आवश्यकताअनुसार जुनसुकै क्षमताको सिलिन्डर खरिद गर्न सक्नेछन् ।

यस्तै, उद्योग तथा व्यावसायिक प्रयोजनमा प्रयोग हुने १९.२ केजी क्षमताको एलपी ग्यास सिलिन्डरको मूल्य पनि समायोजन गरिएको छ । भारतका विभिन्न बोटलिङ प्लान्ट तथा रिफाइनरीबाट भइरहेको नियमित आपूर्ति, बढ्दो माग र वितरण व्यवस्थापनलाई मध्यनजर गर्दै ३१ असारदेखि १९.२ केजी सिलिन्डरको पूर्ण मूल्य रु. ३ हजार ६० कायम गरिएको निगमले जनाएको छ ।

निगमले भारतबाट नियमित रूपमा एलपी ग्यास आयात भइरहेकाले बजारमा ग्यासको अभाव नरहेको स्पष्ट पारेको छ। साथै, उपभोक्तालाई आवश्यकताअनुसार मात्र ग्यास खरिद गर्न र अनावश्यक मौज्दात नगर्न आग्रह गरेको छ ।

निगमका अनुसार नयाँ व्यवस्थाले एलपी ग्यासको आपूर्ति तथा वितरण प्रणालीलाई थप प्रभावकारी बनाउनुका साथै उपभोक्ताको आवश्यकतालाई सहज रूपमा सम्बोधन गर्ने अपेक्षा गरिएको छ।

## आत्मदाह प्रयास गरेका विवेक मण्डलको मृत्यु

दैनिक समाचारदाता
सर्लाही, ३० असार । चार दिनअघि आफ्नै शरीरमा पेट्रोल छर्किएर आगो लगाएका सर्लाहीको गोडैता नगरपालिका(१०, सिसौटियाका ४२ वर्षीय विवेक मण्डलको उपचारका क्रममा मृत्यु भएको छ ।
जिल्ला प्रहरी कार्यालय सर्लाहीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक (डीएसपी) वेदप्रसाद गौतमका अनुसार मण्डलको मंगलबार बिहान करिब २ बजे ललितपुरस्थित बर्न अस्पतालमा उपचारका क्रममा मृत्यु भएको हो।



मण्डलले गत शुक्रबार घरनजिकै आफ्नै शरीरमा पेट्रोल छर्किएर आगो लगाएका थिए । उनलाई तत्काल प्रादेशिक अस्पताल मलङ्गवामा प्राथमिक उपचार गरी नेपाली सेनाको हेलिकोप्टरमार्फत ललितपुरस्थित बर्न अस्पताल लगिएको थियो ।
सर्लाही क्षेत्र नं. ४ का प्रतिनिधिसभा सदस्य डा. अमरेशकुमार सिंहले मण्डलको परिवारलाई सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।
मण्डलले आत्मदाह प्रयास गर्नुको कारण भने खुल्न नसकेको प्रहरीले जनाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ।

## मधेशका पूर्वप्रदेश प्रमुख राजेश अहिराज जबरजस्ती करणी मुद्दामा दोषी ठहर


दैनिक समाचारदाता
काठमाडौं, ३० असार । मधेश प्रदेशका पूर्वप्रदेश प्रमुख राजेश अहिराज (राजेश झा) जबरजस्ती करणी (बलात्कार) मुद्दामा दोषी ठहर भएका छन् । सोमबार काठमाडौं जिल्ला अदालतमा न्यायाधीश चन्द्रकान्त पौडेलको इजलासले अहिराजलाई दोषी ठहर गरेको हो ।
इजलासले दोषी ठहर गरेपनि सजाय भने तोकेको छैन । सजायका लागि आगामी ३२ गते सजाय निर्धारणका लागि अर्को पेसी तोकिएको छ ।




## ४४ जिल्लामा आकस्मिक बाढीको जोखिम

दैनिक समाचारदा
काठमाडौं, ३० असार । मुलुकका ४४ जिल्लामा आकस्मिक बाढीको मध्यमदेखि उच्च जोखिम रहेको छ । जल तथा मौसम विज्ञान विभागले पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, सप्तरी, भोजपुर, सङ्खुवासभा, उदयपुर, सिन्धुली, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, मकवानपुर, पर्सा, बारा, रौतहट, सर्लाही र आसपास गरी ३९ जिल्लामा बग्ने साना नदीको प्रवाह बढ्ने र आकस्मिक बाढीको जोखिम रहेको जनाएको छ ।
गोरखा, लमजुङ, नवलपरासी पूर्व, नवलपरासी पश्चिम, पाल्पा, पर्वत, म्याग्दी, प्युठान, रोल्पा, दाङ, सल्यान, बाँके, बर्दिया, कैलाली र आसपासका जिल्ला भई बग्ने साना नदीको गति बढ्ने र आकस्मिक बाढीको मध्यम जोखिम रहेको छ । चितवन, तनहुँ, कास्की, स्याङजा, सुर्खेत र आसपासका जिल्ला भइ बग्ने साना नदीमा आकस्मिक बाढीको सम्भावना रहेको बताइन्छ । बाढीविद् विनोद पराजुलीले बुधबार र बिहीबार सात प्रदेशका साना नदी प्रवाह बढ्न सक्ने भन्दै आवश्यक सतर्कता अपनाउन अनुरोध गर्नुभएको छ ।

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020

## सम्पादकीय

# रेलको आत्मनिर्भरता अब टार्न नमिल्ने

नेपाल रेल्वे कम्पनीले सार्वजनिक गरेको तथ्यले देशको पूर्वाधार विकासमा रहेको एउटा गम्भीर कमजोरी उजागर गरेको छ । दक्ष नेपाली जनशक्तिको अभावका कारण रेल सञ्चालनका लागि भारतीय कर्मचारीमा निर्भर रहनुपर्दा कम्पनीले वार्षिक करिब १९ करोड रुपैयाँ घाटा व्यहोर्नु परिरहेको छ। आर्थिक वर्ष २०८२/०८३ मा ८ करोड रुपैयाँ मात्र आम्दानी गर्दा १९ करोड रुपैयाँ घाटा हुनु केवल वित्तीय समस्या होइन, दीर्घकालीन योजना र जनशक्ति विकासमा भएको बेवास्ताको परिणाम पनि हो ।

नेपालमा रेल सेवा सञ्चालन भएको केही वर्ष बितिसक्दा पनि इन्जिन चालक, प्राविधिक र इन्जिनियरजस्ता अत्यावश्यक जनशक्ति स्वदेशमै उत्पादन गर्न नसक्नु विडम्बनापूर्ण अवस्था हो। रेलजस्तो रणनीतिक पूर्वाधार विदेशी जनशक्तिको भरमा सञ्चालन हुनु आर्थिक रूपमा मात्र होइन, संस्थागत आत्मनिर्भरताको दृष्टिले पनि उचित मान्न सकिँदैन । विदेशी प्राविधिक आवश्यक पर्दा उच्च तलब तथा सुविधा दिनुपर्ने भएकाले सञ्चालन खर्च स्वाभाविक रूपमा बढ्छ, जसको प्रत्यक्ष असर कम्पनीको वित्तीय अवस्थामाथि पर्छ ।

नेपाल रेल्वे कम्पनीले नेपाली जनशक्ति उत्पादन र नियुक्तिको प्रक्रिया अघि बढाएको जनाएको छ। यो सकारात्मक कदम भए पनि यसलाई घोषणामा सीमित राख्नु हुँदैन। सरकार, प्राविधिक शिक्षण संस्था र रेल्वे कम्पनीबीच समन्वय गरी रेल प्रविधिसम्बन्धी विशेष तालिम, अध्ययन र दक्षता विकास कार्यक्रम तत्काल सञ्चालन गर्न आवश्यक छ। यसले भविष्यमा विदेशी जनशक्तिमाथिको निर्भरता घटाउनुका साथै युवालाई नयाँ रोजगारीको अवसर पनि सिर्जना गर्नेछ।

अर्कोतर्फ, कम्पनीभित्र रकम हिनामिनामा संलग्न कर्मचारीमाथि कारबाही हुनु सुशासनका लागि आवश्यक कदम हो। सार्वजनिक संस्थामा आर्थिक अनुशासन र पारदर्शिता कायम नभएसम्म कुनै पनि सुधारले अपेक्षित परिणाम दिन सक्दैन। त्यस्तै, भंगहादेखि बर्दिबासतर्फ रेलमार्ग विस्तारको विवाद समाधान भएर निर्माण अघि बढ्नु पनि स्वागतयोग्य विषय हो। तर पूर्वाधार विस्तारसँगै त्यसलाई सञ्चालन गर्ने दक्ष जनशक्ति र दिगो व्यवस्थापनको योजना समानान्तर रूपमा अघि बढ्नुपर्छ।

नेपाल रेल्वे केवल यातायातको साधन होइन, आर्थिक विकास, क्षेत्रीय व्यापार र राष्ट्रिय गौरवसँग जोडिएको परियोजना हो। त्यसैले यसको भविष्य विदेशी जनशक्तिमा निर्भर रहने होइन, नेपाली सीप, प्रविधि र व्यवस्थापन क्षमतामा आधारित हुनुपर्छ। अबको प्राथमिकता रेलको लम्बाइ बढाउने मात्र होइन, यसको सञ्चालनलाई आत्मनिर्भर, पारदर्शी र आर्थिक रूपमा दिगो बनाउने हुनुपर्छ। त्यसतर्फ सरकार र सम्बन्धित निकायले अब ढिलाइ गर्नु हुँदैन।

# आत्मदाहको समाजशास्त्र



डा. दिपेश घिमिरे

काठमाडौँको त्रिपुरेश्वरमा यही असार २५ गते आत्मदाहको प्रयास गरेका मुगुका गणेश नेपालीको उपचारका क्रममा मृत्यु भयो। गणेश मात्र होइनन्, असार २६ गते सर्लाहीको गोडैता नगरपालिकाका विवेक मण्डलले पनि आत्मदाहको प्रयास गरे र उनको पनि उपचारको क्रममा ज्यान गयो ।

यति मात्र होइन, यही असार २७ गते काठमाडौँ बुद्धनगरमा शनिबार बिहान ६ बजेतिर भान्सा कोठामा आत्मदाहको प्रयास गरेका ४५ वर्षीय आश्विन राउतको पनि उपचारका क्रममा मृत्यु भयो।

पछिल्ला तीन दिनमा घटेका आत्मदाहका यस्ता घटनालाई राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद तथा केन्द्रीय सदस्य गणेश कार्कीले 'मानसिक स्वास्थ्य' लाई कारण देखाएका थिए। मानसिक स्वास्थ्यलाई कारण देखाएर आत्मदाहका घटनालाई सामान्यीकरण गर्न यतिबेला सत्तारूढ दलका नेता तथा कार्यकर्ताहरू सक्रिय रूपमा लागिरहेका छन्।

तर कुनै पनि व्यक्तिको आत्महत्याको कारण भनिने मनस्थिति तथा निराशा यही समाजको उपज हो। त्यसैले आत्महत्या सामाजिक हो। यो लेखले आत्मदाहको समाजशास्त्रलाई उधिन्ने प्रयत्न गरेको छ।

नेपालमा पछिल्ला वर्षहरूमा आत्महत्याका घटनाहरू बढ्दै गइरहेका छन्। यीमध्ये कतिपय आत्मदाहका घटनाहरू रहेका छन्। यस्ता घटनाले समाजलाई बारम्बार झस्काइरहेका छन्। कुनै नागरिकले सार्वजनिक रूपमा आफ्नै शरीरमा आगो लगाउनु व्यक्तिगत मनस्थिति तथा पीडाको विस्फोट मात्र होइन। यो त राज्य र शासनप्रति समाजमा झाँगिँदै गएको गहिरो निराशाको प्रतीकात्मक अभिव्यक्ति हो।

यस्ता घटनापछिका सार्वजनिक छलफल र बहसमा प्रायः व्यक्तिको मानसिक अवस्था, पारिवारिक समस्या वा क्षणिक आवेगलाई कारणका रूपमा व्याख्या गर्ने प्रवृत्ति झाँगिएको छ। निश्चय नै मानसिक स्वास्थ्य आत्महत्याको एउटा महत्त्वपूर्ण सवाल हो।

तर समाजशास्त्री इमाइल दुर्खाइमले एक शताब्दीअघि नै आत्महत्या केवल व्यक्तिगत मनोविज्ञानको विषय नभएको तथ्य सार्वजनिक गरेका थिए। बरु यी त सामाजिक संरचना, सामाजिक सम्बन्ध, सामूहिक मूल्य र संस्थागत अवस्थासँग गहिरो रूपमा जोडिएको सामाजिक तथ्य भएको उजागर गरेका थिए।

दुर्खाइमको प्रसिद्ध कृति 'सुसाइड' ले आत्महत्यालाई व्यक्तिगत निर्णयभन्दा बाहिर निकालेर विश्लेषण गरेको थियो। उक्त पुस्तकले समाजमा 'सोसियल इन्टिग्रिएसन' अर्थात् सामाजिक एकीकरण र 'सोसियल रेगुलेसन' अर्थात् सामाजिक नियमनको स्तरले आत्महत्याको प्रवृत्तिलाई प्रभाव पार्ने निष्कर्ष प्रस्तुत गरेको थियो।

तथ्य र तथ्याङ्कको जगमा उनले कुनै पनि समाजमा आत्महत्याको दर केवल व्यक्तिको मानसिक अवस्थाले नभई उक्त समाजको सामाजिक, आर्थिक, राजनीतिक, प्रशासनिक, सांस्कृतिक र संस्थागत अवस्थाले पनि निर्धारण गर्ने र आकार प्रदान गर्ने निष्कर्ष प्रस्तुत गरेका थिए।

पछिल्लो एक हप्तामा भएका तीनवटा आत्मदाहका घटनालाई हामीले दुर्खाइमको दृष्टिकोणबाट अध्ययन गर्नु आवश्यक देखिन्छ। विगतका प्रेमप्रसाद आचार्य हुन् वा अहिलेका गणेश नेपाली हुन्, हामी किन यस्ता घटनाहरूको साक्षी बनिरहेका छौँ ?

किन केही नागरिकहरू आफ्ना पीडालाई सार्वजनिक आत्मदाहमार्फत अभिव्यक्त गर्न बाध्य भइरहेका छन् ? यो प्रश्नको जवाफ खोज्न आज सांसद कार्कीले भनेजस्तो मानसिक स्वास्थ्यको साँघुरो घेराबाट बाहिर निस्किएर विहङ्गम सामाजिक, आर्थिक, सांस्कृतिक तथा राजनीतिक अवस्था, संरचना र यथार्थतालाई अध्ययन गर्नु आवश्यक छ।

दुर्खाइमले आफ्नो अध्ययनका क्रममा आत्महत्यालाई चार किसिमको हुने गरी वर्गीकरण गरेका थिए। पहिलो 'इगोइस्टिक', दोस्रो 'अल्ट्रुइस्टिक', तेस्रो 'एनोमिक' र चौथो 'फेटालिस्टिक' रहेका छन्। नेपालमा बढ्दै गइरहेको आत्मदाहका घटनालाई एनोमिक आत्महत्याको अवधारणाभित्र राखेर हेर्नु उपयुक्त हुन्छ।

अर्थात् समाजमा विद्यमान नीति, नियम, मूल्य, मान्यता, अपेक्षा, आशा, विश्वास कमजोर बन्नु, अस्थिरता निम्तिनु, नागरिकले आफ्नो भविष्यप्रतिको विश्वास गुमाउनुको परिणाम नै आत्मदाह हो। सामाजिक संस्थाहरू (राज्य संरचना, सम्पूर्ण तहका सरकार, सरकारी निकायहरूसमेत) ले नागरिकलाई उपयुक्त मार्गदर्शन प्रदान गर्ने, आशा र विश्वास जगाउन नसक्दा समाजमा एनोमीको अवस्था सिर्जना हुन पुग्दछ र समाजमा आत्मदाहका घटनाहरू बढ्न जान्छन्।

नेपालले पछिल्ला साढे तीन दशकमा व्यापक राजनीतिक उथलपुथल र परिवर्तनको अनुभूति गऱ्यो। यसैबीचमा राजतन्त्रको अन्त्य भयो। सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो। नयाँ संविधान जारी भयो। सङ्घीय संरचना लागु भयो।

नागरिकहरूले यी र यस्ता राजनीतिक परिवर्तनसँगै समान अवसर, न्याय, सामाजिक न्याय, उत्तरदायी शासन र समावेशी विकासको अपेक्षा गरेका थिए। त्यसैले त एकपछि अर्को राजनीतिक आन्दोलनमा नागरिक सडकमा उत्रिएका थिए।

पछिल्लोपटक भदौ २३ मा 'जेनजी' ले पनि यसै अपेक्षामा ज्यानको आहुति दिएर आन्दोलनमा उत्रिएका थिए। तर नागरिकको अपेक्षा र अनुभवबीचको दूरी व्यापक रूपमा बढ्न पुग्यो। यही दूरीले आमनागरिकको बीचमा निराशा बढ्न गयो।

दुर्खाइमका अनुसार सामाजिक परिवर्तन स्वयं समस्या होइन। तर जब परिवर्तनसँगै नयाँ नियम, नयाँ विश्वास र प्रभावकारी संस्थागत व्यवस्थाहरू स्थापित हुन सक्दैनन्, तब समस्या उत्पन्न हुन्छ। नागरिक तहमा निराशा झाँगिन्छ। अनि त्यस्तै मनोविज्ञान निर्माण हुन्छ।

नेपालमा आर्थिक, सामाजिक तथा सांस्कृतिक असमानता व्यापक छ। बेरोजगारी समस्या उच्च छ। महँगी, सार्वजनिक सेवाको कमजोर अवस्था, भ्रष्टाचारप्रतिको असन्तुष्टि, सेवा प्राप्तिमा विभेदको अनुभूति, न्याय प्राप्तिमा ढिलाइ, भूमिहीन तथा सुकुम्बासी समुदायका दीर्घकालीन समस्या, युवाहरूको व्यापक विदेश पलायन, किसानको सङ्कट तथा नागरिक र राज्यबीच बढ्दो अविश्वास छ।

यसले समाजमा एनोमीको वातावरणलाई बलियो बनाउँदै लगेको छ। यस्ता परिस्थितिले सबै मानिसलाई आत्महत्यातर्फ धकेल्छ भन्ने होइन। तर दुर्खाइमका अनुसार यस्ता संरचनात्मक अवस्थाले आत्महत्याको सामाजिक जोखिम बढाएर लैजान्छ।

दुर्खाइमको दृष्टिकोणलाई आधार मान्ने हो भने सार्वजनिक आत्मदाहका घटनालाई केवल व्यक्तिगत आवेगका रूपमा बुझ्नु गम्भीर गल्ती हुन्छ। सार्वजनिक स्थानमा आत्मदाह गर्नु एउटा प्रतीकात्मक राजनीतिक र सामाजिक सन्देश हो।

व्यक्तिले यस किसिमका घटनामार्फत आफ्नो व्यक्तिगत पीडालाई सामूहिक अन्यायसँग जोड्ने प्रयास गर्छ। यस्तो अवस्थामा व्यक्तिको जीवन समाप्त गर्ने निर्णयलाई केवल व्यक्तिगत मनोवैज्ञानिक कमजोरीका रूपमा व्याख्या गर्दा त्यस घटनाको सामाजिक सन्दर्भ ओझेलमा पर्न सक्छ। अनि समाजको भित्रभित्रै फैलिरहेको ज्वालामुखीले धेरै कुरालाई एकसाथ खरानी बनाइदिन सक्छ।

दुर्खाइमले समाजलाई व्यक्तिभन्दा ठूलो नैतिक शक्ति मानेका छन्। मानिसको आकाङ्क्षा, सोच तथा व्यवहार समाजभित्रै निर्माण हुन्छ। यस अर्थमा व्यक्तिको मनोविज्ञान पनि सामाजिक अनुभवबाट निर्मित तथा प्रभावित हुन्छ। बेरोजगारी, गरिबी, अपमान, अन्याय, बहिष्करण, असुरक्षा र संस्थाप्रतिको अविश्वासले व्यक्तिको मानसिक अवस्थालाई प्रत्यक्ष रूपमा प्रभावित पार्छ। अहिलेको आत्मदाह यसैसँग जोडिएको छ।

सांसद गणेश कार्कीले भनेजस्तै नेपालमा आत्महत्याको बहस अझै पनि व्यक्तिगत तहमा मात्रै सीमित छ। आत्महत्याका कारणका रूपमा व्यक्तिको मानसिक स्वास्थ्यलाई दोष दिने गरिन्छ। तर राज्य, सरकार, राजनीति, प्रशासन र सार्वजनिक नीतिको भूमिकामाथि पर्याप्त मात्रामा छलफल तथा विमर्श हुने गरेको छैन।

समाजका संस्थाहरू कमजोर हुँदै जाँदा व्यक्तिले आफूलाई झन्–झन् असुरक्षित महसुस गर्दछ, अनि आत्मदाहको प्रयास गर्दछ। यस्तो अवस्थामा आत्महत्याको रोकथाम केवल अस्पताल, मनोपरामर्श वा औषधिबाट मात्र सम्भव हुँदैन। यसका लागि त उत्तरदायी शासन, न्यायपूर्ण समाज, प्रभावकारी सार्वजनिक सेवा, बलियो सामाजिक सुरक्षा प्रणाली, रोजगारीका प्रशस्त अवसरको सिर्जना र विश्वासयोग्य संस्थाहरूको निर्माण अत्यन्तै आवश्यक हुन्छ।

नेपालमा गरिब, भूमिहीन, सुकुम्बासी, सीमान्तकृत समुदाय र अवसरबाट वञ्चित नागरिकहरूले राज्यसँग गरेको लामो सङ्घर्षलाई पनि यही दृष्टिकोणबाट अध्ययन गर्न सकिन्छ। वर्षौंवर्षसम्म समस्याको समाधान नहुनु, राज्य नै लागेर नागरिकलाई घरबारविहीन बनाउनु, प्रशासनिक जटिलता, नीतिगत अस्थिरता र राजनीतिक प्रतिबद्धताको कमजोर कार्यान्वयनले आमनागरिकमा राज्य तथा सरकारप्रतिको विश्वास, आशा तथा भरोसा कमजोर बनाउँदै लगेको छ।

नागरिकले आफ्नो आवाज सुनिने कुनै प्रभावकारी माध्यम देख्न छाडेका छन्। सरकार संवादभन्दा बढी शक्तिको दुरुपयोगमा रमाइरहेको छ। यस्तो अवस्थामा कतिपय नागरिकले अत्यन्त चरम र दुःखद माध्यम रोज्ने जोखिम बढ्दै गएको छ।

दुर्खाइमको सुसाइड सिद्धान्तको अर्को महत्त्वपूर्ण सवाल भनेको 'सामाजिक एकीकरण' हो। कुनै पनि व्यक्ति परिवार, समुदाय, पेसा, सङ्गठन र राज्यसँग जोडिएको, आफूलाई मर्यादित अवस्थामा रहेको अनुभूति गर्दा जीवनप्रतिको उसको आशा बलियो हुन्छ।

*बाँकी पृष्ठ ३मा*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# आत्मदाहको.......

तर सामाजिक सम्बन्ध कमजोर बन्दा वा समुदाय विखण्डित हुँदा र संस्थामाथिको विश्वास घट्दा व्यक्तिमा नैराश्य तथा एक्लोपन बढ्दछ। उसले आफ्नो जीवन निरर्थक छ वा हुनेछ भन्ने अनुभूति गर्न पुग्दछ। अहिले धेरै गरिब, विपन्न, गरी खाने नागरिकहरूले आमरूपमा यस्तै अनुभूति गरिरहेका छन्।

पछिल्लो समयमा सामाजिक सञ्जालले पनि सार्वजनिक पीडालाई नयाँ स्वरूप प्रदान गरेको छ। नागरिकहरूले आफ्ना असन्तुष्टि तत्काल सार्वजनिक गर्न सक्ने माध्यम पाएका छन्। तर वास्तविक राज्य तथा समाजका संस्थाहरू कमजोर रहे भने डिजिटल अभिव्यक्तिले निराशालाई घटाउन सक्दैन, बरु बढाउन मद्दत गर्दछ।

पछिल्लो समयमा सरकारले नागरिकका कुरा सुन्ने, नागरिकलाई शासन प्रक्रियामा सहभागी गराउँदै उनीहरूको हितमा काम गर्ने प्रणाली तथा पद्धति कमजोर हुँदै गएको छ। स्थानीय तहदेखि सङ्घीय तहसम्मका सरकारका नेतृत्वमा आफूलाई शासक र नागरिकलाई रैती देख्ने प्रवृत्ति झाँगिएर गएको छ।

नागरिकको आर्थिक क्षमताको आयाम बढाउन नसक्ने तर कर, शुल्क, जरिवानाजस्ता सवालमा अचाक्ली वृद्धि गर्ने प्रवृत्ति हरेक तहका सरकारमा झाँगिएको छ।

नागरिकलाई कुनै पनि कुरामा सहजीकरण नगर्ने, बरु सकेसम्म असजिलो बनाउने, अपराधी करार गर्ने प्रवृत्ति मौलाउँदै गएको छ। इतिहासदेखि झाँगिएको यो प्रवृत्ति पछिल्लो निर्वाचनपछि करिब दुईतिहाइ बहुमत प्राप्त सरकारसम्म आइपुग्दा झन्–झन् मौलाउँदै गएको नागरिकले अनुभूति गरिरहेका छन्।

त्यस सन्दर्भमा आत्मदाहलाई कुनै व्यक्तिको मनोस्वास्थ्यको उपजका रूपमा व्याख्या गर्ने कुरा अत्यन्तै खतरनाक दृष्टिकोण हो। यस किसिमका घटनालाई राजनीतिक रोमाञ्च वा प्रतिरोधको आदर्शका रूपमा प्रस्तुत गर्नु पनि उपयुक्त हुँदैन।

यस्ता घटनालाई समाजले आफ्नो सामूहिक असफलताको सङ्केतका रूपमा लिनु उपयुक्त हुन्छ। प्रत्येक आत्मदाहका घटना एउटा गम्भीर सार्वजनिक स्वास्थ्य, सामाजिक र नैतिक प्रश्न हुन्। त्यसैले यसलाई जिम्मेवारी पन्छाउने, वा सनसनीपूर्ण समाचार बनाउने वा एकअर्कालाई दोषारोपण गर्ने कुरा होइन।

यो त राज्य प्रणाली तथा देशको विद्यमान सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक, प्रशासनिक सवालको संरचनागत सुधारका लागि खबरदारीका रूपमा लिन आवश्यक छ।

यस्तो अवस्थामा राज्यको दायित्व आत्मदाहका दुःखद घटना भएपछि उपचार गर्ने, औपचारिकताका लागि छानबिन गर्ने, वा परिवारका लागि भनेर राहत घोषणा गर्नु मात्र हुनै सक्दैन। यस्तो परिस्थितिमा राज्यको पहिलो र महत्त्वपूर्ण दायित्व भनेको प्रत्येक नागरिकलाई त्यस्तो अवस्थासम्म पुग्न नदिनु हो। प्रभावकारी तथा सबल सामाजिक सुरक्षा, प्रत्येक व्यक्तिलाई सम्मानजनक रोजगारी, मानसिक स्वास्थ्य सेवाको पहुँच, सहज न्याय प्रणाली, उत्तरदायी प्रशासन, पारदर्शी सार्वजनिक सेवा, र समुदायमा आधारित सहयोग प्रणाली निर्माण गर्नु दीर्घकालीन समाधानका केही उपायहरू हुन सक्छन्।

जुन राज्यको आधारभूत दायित्व र जिम्मेवारीभित्र पर्दछन्। यसैगरी स्थानीय सरकार, नागरिक समाज, परिवार, सञ्चारमाध्यम र शैक्षिक संस्थाहरूले पनि सामाजिक सम्बन्धलाई पुनः सुदृढ बनाउने गरी कार्यहरू गर्नु आवश्यक छ।

दुर्खाइमका अनुसार समाज बलियो हुँदा व्यक्ति पनि बलियो हुन्छ। समाज सकारात्मक बाटोमा अगाडि बढ्यो भने व्यक्ति पनि त्यस्तै बाटोमा अघि बढ्छ। समाज सकारात्मक भयो भने व्यक्तिमा आशा र नागरिकप्रतिको विश्वास बढ्छ। त्यसैले सामाजिक विश्वास, सामुदायिक सहकार्य र साझा उत्तरदायित्वको पुनर्निर्माण आजको प्रमुख आवश्यकता हो।

यसर्थ, नेपालमा देखिएका आत्मदाहका घटनाहरूलाई केवल व्यक्तिगत मनोवैज्ञानिक समस्याको परिणामका रूपमा मात्र बुझ्नु हुँदैन। यसो गर्दा समस्याको ठूलो हिस्सालाई देख्न सकिँदैन, बुझ्न सकिँदैन।

दुर्खाइमका अनुसार व्यक्तिको मनोविज्ञान समाजभित्रै निर्माण हुन्छ। समाजमा आशा, न्याय, समान अवसर, उत्तरदायी शासन र विश्वास कमजोर बन्दै जाँदा त्यसको प्रभाव व्यक्तिको मानसिक संसारमा पनि पर्छ।

राज्यप्रतिको नागरिक विश्वास दिनदिनै कमजोर हुँदै जाने, देशमा विद्यमान सामाजिक तथा आर्थिक असमानता तथा विभेद गहिरिँदै जाने, राजनीतिक प्रतिबद्धता गर्ने तर व्यावहारिक कार्यान्वयनमा सरकार उदास रहने, प्रशासनिक संरचना कमजोर, सुस्त, उत्तरदायित्वविहीन शोषणमुखी हुने, र सीमान्तकृत समुदायका समस्या वर्षौंसम्म समाधान हुन नसक्ने अवस्था अझै निरन्तर रहिरहने हो भने समाजमा थप निराशा र असन्तुष्टिका जोखिमहरू बढ्न जान्छन्।

'जेनजी' ले गत भदौको आन्दोलनमा उठाएका परिवर्तनका आकाङ्क्षापछि पनि शासन प्रणालीले अपेक्षित सुधार दिन नसकेको अनुभूति युवा पुस्तामा अझ बढेर गएको छ। भूमिहीन, सुकुम्बासी, गरिब तथा सेवासुविधाबाट वञ्चित नागरिकका अनुभवहरूले राज्यप्रतिको भरोसालाई चुनौती दिएका छन्। यसर्थ, आत्मदाहका घटनाहरूलाई कुनै व्यक्तिको मानसिक स्वास्थ्यको कमजोरीका रूपमा मात्र लिनु हुँदैन। आत्मदाहका घटनालाई राज्य, सरकार तथा समग्र समाजले आफैँलाई हेर्नुपर्ने ऐनाका रूपमा लिनुपर्दछ। यस्ता घटनाहरूले न्यायपूर्ण, उत्तरदायी र समावेशी राज्य निर्माण केवल राजनीतिक नाराको विषय मात्र नभई नागरिकको जीवन, आशा र अस्तित्वसँग जोडिएको हुन्छ भन्ने बुझाउँदछ। जबसम्म राज्य, सरकार, राजनीति, प्रशासन, अर्थतन्त्र र समाजले नागरिकलाई सम्मान, सुरक्षा, न्याय, अवसर र सुन्ने वातावरण प्रदान गर्न असक्षम हुन्छ, तबसम्म निराशाका सङ्केतहरू आत्मदाहबाट दोहोरिइरहन्छन्।

त्यसैले यस्ता घटनाहरूको समाधान व्यक्तिमा केन्द्रित भएर खोजेर मात्र हुँदैन। यसका लागि त प्रत्येक नागरिकलाई आशावादी बनाउने तथा उत्तरदायी सरकारी संयन्त्रहरूको निर्माण गर्नुपर्दछ। हामी सबैले बुझ्नैपर्ने एउटा यथार्थ के हो भने, व्यक्तिको मनोविज्ञान स्वतः निर्माण हुँदैन, यो त उसले बाँचेको समाज, राज्य प्रणाली, शासकीय स्वरूपसँग गहिरो रूपमा जेलिएको हुन्छ।

# अस्थायी र करारका कर्मचारीद्वारा अर्थ मन्त्रालयमा धर्ना




दैनिक समाचारदाता

काठमाडौं, ३० असार । अस्थायी र करारका कर्मचारी हटाउने सरकारको तयारीविरुद्ध कर्मचारीहरूले मंगलबार अर्थ मन्त्रालयमा धर्ना दिएका छन् ।

सरकारले उनीहरूलाई हटाएर आउटसोर्सिङबाट काम गर्ने नीति लिएपछि वर्षौंदेखि अस्थायी र करारमा कार्यरत कर्मचारीहरू आन्दोलित भएका हुन् । सबै मन्त्रालयका अस्थायी र करार कर्मचारीहरले सेवा निरन्तरताको माग गरिरहेका छन् ।उनीहरूले मंगलबार अर्थ मन्त्रालयको मूल ढोकामा जम्मा भएर प्रदर्शन र नाराबाजी गरेका छन् । सरकारले खर्च कटौतीको नीति अनुसार पनि अस्थायी र करारका कर्मचारीहरू हटाउन खोजेको छ ।

# विश्वविद्यालयमा १० प्रतिशत छात्रवृत्ति अनिवार्य

दैनिक समाचारदाता

काठमाडौं, ३० असार । पाँच विश्वविद्यालयले शैक्षिक सत्र २०८३/०८४ का लागि विद्यार्थी भर्ना गर्दा कम्तीमा १० प्रतिशत निःशुल्क छात्रवृत्ति सुनिश्चित गर्न आफ्ना आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरूलाई निर्देशन दिएका छन्।

त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, राजर्षि जनक विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, पोखरा विश्वविद्यालय र सुदूरपश्चिम विश्वविद्यालयले छुट्टाछुट्टै सूचना जारी गर्दै छात्रवृत्ति सम्बन्धी व्यवस्था अनिवार्य रूपमा कार्यान्वयन गर्न परिपत्र गरेका हुन्।

विश्वविद्यालयहरूले कुल स्वीकृत सिट सङ्ख्याको १० प्रतिशत सिट जेहेन्दार, विपन्न तथा लक्षित वर्गका विद्यार्थीका



लागि अनिवार्य रूपमा छुट्याउनुपर्ने नियमको पालना गर्न क्याम्पसहरूलाई निर्देशन दिएका छन्। ती सिटमा सम्बन्धित क्याम्पस वा कलेजको छात्रवृत्ति कार्यविधिअनुसार विद्यार्थी छनोट गरी भर्ना गरिने जनाइएको छ।

शिक्षा, विज्ञान तथा खेलकुदमन्त्री सस्मित पोखरेलले यस व्यवस्थाले उच्च शिक्षामा पहुँच, समान अवसर र सामाजिक न्याय सुनिश्चित गर्न सहयोग पुग्ने बताएका छन्। उनले काठमाडौं महानगरपालिकाको विद्यालय प्रणालीमा लागू गरिएको छात्रवृत्ति व्यवस्था प्रभावकारी भएको अनुभवका आधारमा अब विश्वविद्यालय तहमा पनि त्यसलाई संस्थागत गरिएको उल्लेख गरेका छन्।

यसअघि गत चैत ३० गते शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा ऐन र नियमावलीबमोजिम १० प्रतिशत छात्रवृत्ति प्रदान नगर्ने विद्यालयमाथि कानुनअनुसार आवश्यक कारबाहीका लागि स्थानीय तहसँग समन्वय र अनुगमन गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत अनुरोध गरेको थियो।

# रातो पासपोर्ट दुरुपयोगमा संविधानसभाका तीन सदस्य दोषी ठहर

दैनिक समाचारदाता

काठमाडौं, ३० असार । उच्च अदालत पाटनले रातो पासपोर्ट दुरुपयोगका क्रममा सरकारी कागजात कीर्ते गरेको आरोपमा संविधानसभाका तीन सदस्यलाई कसुरदार ठहर गर्ने जिल्ला अदालतको फैसला सदर गरेको छ ।



न्यायाधीशहरू खड्कबहादुर केसी र गोपालप्रसाद बास्तोलाको इजलासले २०६४ सालको संविधान सभाका सभासदहरू गायत्री साह, विश्वनाथप्रसाद यादव, शिवपुजन राय लगायतलाई कसुदार ठहर गर्ने जिल्ला अदालतको फैसला सदर गरेको हो । साह नेपाली जनता दल, यादव तत्कालीन मधेशी जनाधिकार फोरम र राय तत्कालीन नेकपा माओवादीबाट सभासद बनेका थिए ।

जिल्ला अदालत काठमाडौंले २१ जेठ, २०७१ मा उनीहरुलाई कसुरदार ठहर गरेको थियो । उनीहरुमाथि पाँच महिना कैद र पाँच सय रुपैंयाका दरले जरिवानाको फैसला भएको थियो ।

रातो पासपोर्ट प्रकरणमा बिचौलियाको भूमिका खेलेको आरोपमा थप पाँच जना दोषी ठहर भएका छन् । उच्च अदालत पाटनले डिलबहादुर घर्ती, गोपाल बानियाँ, पृथ्वी छन्त्याल, मनोजकुमार कार्की, देवेन्द्र पौडेल र सन्तोषराज उप्रेतीलाई सरकारी कागजात किर्ते गरेको आरोपमा एक वर्ष कैद र पाँच लाख ५४ हजार रुपैंया जरिवानाको फैसला सदर गरेको हो ।

उनीहरूमाथि शुरुमा भ्रष्टाचार मुद्दा चलिसकेको थियो । विशेष अदालतले सभासदहरू शिवपुजन राय, विश्वनाथप्रसाद यादव र गायत्री साहलाई दोषी ठहर गरेको थियो । उनीहरूलाई तीन महिनाका दरले कैद र १५ हजार रुपैयाँका दरले जरिवाना भएको थियो ।

त्यो मुद्दा अहिले सर्वोच्च अदालतमा विचाराधिन छ । पूर्वसांसदहरूका कानुन व्यवसायीहरुले कीर्तेको मुद्दा उच्च अदालतमा विचाराधीन भएकाले सुनुवाइ अघि नबढाउन माग गरेपछि सर्वोच्च अदालतले मुद्दालाई मुल्तवीमा राखेको थियो ।

# नेप्से परिसूचक छ दशमलव ११ अङ्कले बढ्यो

काठमाडौं, ३० असार । धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक आज झिनो अङ्कले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक छ दशमलव ११ अंकले बढेर दुई हजार पाँच सय ७६ दशमलव २६ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ७९ अङ्कले उकालो लागेर ४५१ दशमलव ३४ मा पुगेको छ । त्यस्तै फ्लोट सूचक शून्य दशमलव ३२ अङ्कले बढेर १७६ दशमलव ८८ मा पुगेको छ ।

सेन्सेटिभ फ्लोट सूचक भने शून्य दशमलव २० अङ्कले बढेर १५२ दशमलव ५० मा पुगेको छ । आज विभिन्न कम्पनीको एक करोड ८२ लाख ९३ हजार ५९६ कित्ता सेयर रु आठ अर्ब ४१ करोड ७५ लाख ७० हजार ४२५ मूल्यमा खरिद बिक्री भएको छ।

आज १३ उपसमूहमध्ये १२ उपसमूह बढ्यो भने एक उपसमूह घट्यो । आज १६४ कम्पनीको सेयर बढ्यो भने १०१ कम्पनीको सेयर घट्यो । त्यसैगरी १० कम्पनीको सेयर स्थिर रह्यो । नेप्सेका अनुसार कामना सेवा विकास बैंकको डिबेञ्चर, साङ्गिला विकास बैंकको डिबेञ्चर, उपकार लघुवित्त संस्था लगायतका लगानीकर्ताले कमाएका छन् भने सामुदायिक लघुवित्त वित्तीय संस्था, नेपाल एसबिआई बैंक डिबेञ्चर र स्वावलम्बन लघुवित्त वित्तीय संस्थाका लगानीकर्ताले आज गुमाएका छन् ।

# 'मलाई गोली हान्ने धम्की आएको छ' : सांसद महर

दैनिक समाचारदाता

काठमाडौं, ३० असार । प्रतिपक्षी दल नेकपा एमालेका प्रमुख सचेतक ऐन महरले सरकारको गुण र दोषका आधारमा समर्थन तथा आलोचना गर्दा आफूलाई ज्यान मार्ने धम्की आउने गरेको बताएका छन्। मंगलबार प्रतिनिधिसभाको बैठकमा सभामुखले उपलब्ध गराएको समयमा बोल्दै सांसद महरले सामाजिक सञ्जाल र फोनमार्फत निरन्तर धम्की आइरहेको गुनासो गरे। उनले आफूहरू जनताको मतबाट निर्वाचित भएर संसद्मा जनताका मुद्दा उठाउन आएको उल्लेख गर्दै सरकारको निरपेक्ष विरोध नगरेको स्पष्ट पारे। उनले भने, "सरकारको गुण र दोषका आधारमा हामी समर्थन र विरोध गर्छौं। सरकारलाई सही बाटो देखाउन चाहन्छौं। तर, कहिलेकाहीँ सरकारको आलोचना गर्दा केही व्यक्तिबाट फेसबुक र फोनमार्फत 'गोली हानेर मारिदिन्छु' भन्ने धम्की आइरहेको छ।" सांसद महरले संसद् बैठक चलिरहेकै बेला पनि फेसबुकमा ज्यान मार्ने धम्की आएको उल्लेख गर्दै सभामुखसमक्ष उक्त विषय जानकारी गराए।
उनले भने, "भर्खरै दुई जनाले मेरो स्टाटसमा 'तिमीलाई गोली हानेर मार्छु' भनेर टिप्पणी गरेका छन्। उनीहरूले आफ्नो नम्बर र ठेगानासमेत दिएका छन्।"

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# अभिनेत्री काजल कर्ण प्रकरण छानबिन गर्न सांसदको माग

दैनिक समाचारदाता
जनकपुरधाम, ३० असार । नेपाली कांग्रेसकी सांसद निनुकुमारी कर्णले अभिनेत्री काजल कर्णमाथि जातीय तथा क्षेत्रीय विभेद भएको भनिएको घटनाको निष्पक्ष छानबिन गर्न सरकारसँग माग गरेकी छन् ।

मंगलबार प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसद कर्णले अभिनेत्री कर्णमाथिको अपमान मधेशमाथिको अपमान भएको टिप्पणी गर्दै घटनामा संलग्न भनिएका सबैको छानबिन हुनुपर्ने बताइन् ।

उनले भनिन्, "मधेशीलगायत पिछडिएका समुदायले कहिलेसम्म विभेदको पीडा भोग्ने? यस्तो अपमानजनक व्यवहारबाट उत्पन्न पीडाले कसैलाई आत्मदाहजस्तो दुःखद कदम चाल्न बाध्य नबनोस् ।"



सांसद कर्णले आफूले अभिनेत्री काजल कर्णसँग प्रत्यक्ष फोनमा कुरा गरेको उल्लेख गर्दै चलचित्र 'चिरञ्जीवि भवः' को छायांकन सेटमा भएको भनिएको दुर्व्यवहार खेदजनक रहेको बताइन् ।

केही दिनअघि अभिनेत्री काजल कर्णले सामाजिक सञ्जालमार्फत आफूलाई उक्त चलचित्रबाट अपमानजनक व्यवहार गर्दै हटाइएको, मधेशी भएकै कारण विभेद गरिएको तथा पारिश्रमिकसमेत नदिइएको आरोप लगाएकी थिइन् ।

यता, चलचित्रका निर्देशक दीपक आचार्य 'काकु'ले अभिनेत्री कर्णका आरोप असत्य रहेको दाबी गर्दै सामाजिक सञ्जालमार्फत त्यसको खण्डन गरिसकेका छन् ।

# 'स्वास्थ्य बीमा कार्यक्रम असफल भयो' : सांसद तामाङ

दैनिक समाचारदाता
काठमाडौं, ३० असार । प्रतिपक्षी दल नेपाल कम्युनिस्ट पार्टीका सांसद पर्शुराम तामाङले नेपालको स्वास्थ्य बीमा कार्यक्रम पूर्ण रूपमा असफल भएको दाबी गरेका छन् ।

संघीय संसद्अन्तर्गत अर्थ समितिको मंगलबार बसेको बैठकमा बोल्दै सांसद तामाङले स्वास्थ्य बीमाको असफलताको कारणबारे सरकारसँग जवाफ माग गरे। उनले स्वास्थ्य बीमाको तथ्यांक, यसको प्रभावकारिता तथा व्यावसायिक घरानाको एकाधिकारबाट उत्पन्न हुन सक्ने वित्तीय जोखिमबारे सरकार र नियामक निकायको ध्यानाकर्षण गराए ।

सरकारले बीमाको पहुँच ५१ प्रतिशत पुगेको दाबी गरे पनि व्यवहारमा करिब २० प्रतिशतमा मात्र सीमित रहेको उनको भनाइ थियो । उनले बीमाको वास्तविक पहुँच विस्तारका लागि ठोस योजना आवश्यक रहेको बताए ।

सांसद तामाङले नेपालको अर्थतन्त्र सीमित व्यक्तिहरूको नियन्त्रणमा रहेको भन्दै एउटै समूहले बैंक, बीमा र उद्योग क्षेत्रमा लगानी गर्दा स्वार्थको द्वन्द्व र वित्तीय जोखिम बढ्ने



चेतावनी दिए। करिब १०० परिवारले विभिन्न माध्यमबाट अर्थतन्त्रलाई नियन्त्रण गरिरहेको दाबी गर्दै उनले इजाजतपत्र प्रदान गर्ने चरणमै बैंक, बीमा र उद्योग क्षेत्रमा एउटै समूहको लगानी रोक्ने कानुनी व्यवस्था गर्नुपर्नेमा जोड दिए ।

उनले भने, "नेपालको स्वास्थ्य बीमा असफल भएको देखिएको छ । यसको कारणबारे सरकारसँग जवाफ चाहिन्छ। एउटै व्यक्तिले उद्योग, बैंक र बीमामा लगानी गर्दा एउटा क्षेत्र डुब्दा अर्को क्षेत्रमा पनि असर पर्छ । त्यसैले एउटै समूहलाई सबै क्षेत्रमा लगानी गर्न नदिने व्यवस्था आवश्यक छ ।"

कृषि बीमाको पहुँच न्यून रहेको विषयमा अन्य सांसदहरूले उठाएका धारणा समर्थन गर्दै उनले बीमा क्षेत्रको समग्र सुधारका लागि स्पष्ट र प्रभावकारी नीति आवश्यक रहेको बताए ।

# चितवनको भरतपुर ११ का बस्ती जलमग्न

दैनिक समाचारदाता
चितवन, ३० असार । वर्षाका कारण चितवनको भरतपुर महानगरपालिका वडा नम्बर ११ का विभिन्न ठाउँ डुबानमा परेका छन् । गोर्खाली टोल, मृगकुञ्ज लगायतका टोल जलमग्न छन् । सामाजिक सञ्जालमा सार्वजनिक केही भिडियोहरुमा पानी घुँडासम्म आएको देखिन्छ । उनीहरु कपडा माथि सार्दै आउजाउ गरिरहेको देखिन्छ ।

घरभित्रै पानी पसेपछि स्थानीय समस्यामा परेका छन् । पानीको उचित निकास नहुँदा हरेक वर्षायाममा भरतपुरका बस्ती डुबानमा पर्ने गरेका छन् ।



साइफनहरु बन्द हुँदा, जथाभावी प्लटिङ गर्दा कुलो बन्द हुँदा, नाली नबनाइ सडक बनाउँदा र भएका नाली पनि सफा नगर्दा डुबान हुने गरेको स्थानीय बताउँछन् ।

# उच्च शिक्षा सुधार तथा अतिक्रमित जग्गा फिर्ता ल्याउनू प्रधानमन्त्रीको निर्देशन

दैनिक समाचारदाता
काठमाडौं, ३० असार । प्रधानमन्त्री तथा त्रिभुवन विश्वविद्यालयका कुलपति बालेन शाहले देशका सात विश्वविद्यालयका उपकुलपतिलाई प्राज्ञिक सुधार, आर्थिक अनुशासन, सुशासन र गुणस्तरीय शैक्षिक वातावरण सुनिश्चित गर्न निर्देशन दिएका छन् ।

मंगलबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा आयोजित बैठकमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति भोला थापा, सुदूरपश्चिम विश्वविद्यालयका किसानदत्त भट्ट, पूर्वाञ्चल विश्वविद्यालयका सुजनबाबु मरहट्टा, पोखरा विश्वविद्यालयका देवेन्द्र अधिकारी, राजर्षि जनक विश्वविद्यालयका श्यामनारायण लाभ, मध्यपश्चिम विश्वविद्यालयका राजन सुवाल तथा कृषि तथा वन विज्ञान विश्वविद्यालयका ऋषिराम कट्टेलसँग छलफल गर्दै प्रधानमन्त्री शाहले उच्च शिक्षा क्षेत्रमा व्यापक सुधारको खाका अघि सारेका हुन्।



प्रधानमन्त्री शाहले हालसम्म काठमाडौं केन्द्रित हुँदै आएको विश्वविद्यालयहरूको दीक्षान्त समारोह संघीयताको मर्मअनुसार सातै प्रदेशमा आयोजना गर्ने तयारी तत्काल थाल्न निर्देशन दिए ।

उनले विश्वविद्यालयमा वर्षौंदेखि थुप्रिएको बेरुजु फछ्र्योट गरी आर्थिक अनुशासन कायम गर्न, अनधिकृत रूपमा प्रयोग वा अतिक्रमण गरिएका जग्गा तथा सरकारी सम्पत्ति फिर्ता ल्याई संरक्षण र व्यवस्थापन गर्न पनि निर्देशन दिए ।

बैठकमा उपकुलपतिहरूले विश्वविद्यालयलाई दलीय राजनीतिबाट मुक्त राख्दै सुशासन, पारदर्शिता र प्राज्ञिक वातावरण सुदृढ गर्ने साझा प्रतिबद्धता व्यक्त गरेका छन्।

उनीहरूले विद्यार्थी संगठनसहित कुनै पनि राजनीतिक गतिविधिले शैक्षिक वातावरण प्रभावित हुन नदिने, प्राध्यापक, कर्मचारी र विद्यार्थीलाई दलीय राजनीतिभन्दा टाढा राखेर अध्ययन, अध्यापन र अनुसन्धानमा केन्द्रित गराउने बताएका छन् ।

त्यसैगरी प्रशासनिक, आर्थिक र प्राज्ञिक क्षेत्रमा सुधार गर्दै वित्तीय अनुशासन कायम गर्ने, बेरुजु फछ्र्योट गर्ने तथा पारदर्शिता अभिवृद्धि गर्ने प्रतिबद्धता पनि उपकुलपतिहरूले जनाएका छन्। उच्च शिक्षामा समावेशी पहुँच विस्तार गर्न जेहेन्दार तथा लक्षित वर्गका विद्यार्थीलाई कम्तीमा १० प्रतिशत छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था लागू गर्ने र सम्बन्धन प्राप्त निजी कलेजहरूमा समेत छात्रवृत्ति प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ। उपकुलपतिहरूले प्रत्येक विश्वविद्यालयमा शैक्षिक क्यालेन्डर कडाइका साथ लागू गर्ने, भर्ना, पठनपाठन र परीक्षा निर्धारित समयमै सञ्चालन गर्ने तथा परीक्षा सम्पन्न भएको एक महिनाभित्र नतिजा सार्वजनिक गर्ने कार्ययोजना अघि बढाउने बताएका छन्।

छलफलमा शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले उच्च शिक्षा सुधारका लागि सात दिनभित्र स्पष्ट कार्ययोजना पेश गर्न सबै उपकुलपतिलाई निर्देशन दिए।

'सबै उपकुलपतिले आ(आफ्नो विश्वविद्यालयको मात्र होइन, समग्र नेपालको उच्च शिक्षा प्रणाली सुधारका लागि एउटै टिमका रूपमा सहकार्य गर्नुपर्छ,' मन्त्री पोखरेलले बताए।

# हुथीद्वारा साउदी विमानस्थलमा आक्रमणको दाबी




एजेन्सी
काठमाडौं, ३० असार । यमनको विद्रोही समूह हुथीले साउदी अरबको अबहा अन्तर्राष्ट्रिय विमानस्थललाई ब्यालिस्टिक मिसाइल र ड्रोनमार्फत निशाना बनाएको दाबी गरेको छ ।

हुथीका अनुसार सोमबार गरिएको उक्त आक्रमण साउदी नेतृत्वको गठबन्धनले यमनको राजधानी सनास्थित अन्तर्राष्ट्रिय विमानस्थलमा गरेको हवाई आक्रमणको प्रतिउत्तरस्वरूप गरिएको हो । समाचार एजेन्सी रोयटर्सका अनुसार हुथीका प्रवक्ता याह्या सारेयाले विज्ञप्ति जारी गर्दै सबै एयरलाइन्सलाई साउदी हवाई क्षेत्र प्रयोग नगर्न चेतावनी दिएका छन्। उनले उक्त चेतावनीलाई गम्भीरतापूर्वक लिन आग्रह गर्दै सनास्थित अन्तर्राष्ट्रिय विमानस्थलमाथिको प्रतिबन्ध नहट्दासम्म सैन्य कारबाही जारी रहने बताएका छन् ।

यसअघि साउदी अरब समर्थित यमनी सरकारको रक्षा मन्त्रालयले इरानी विमान अवतरण रोक्ने उद्देश्यले सना अन्तर्राष्ट्रिय विमानस्थलको रनवेमा आक्रमण गरिएको जनाएको थियो ।


अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४